शुद्धोधन गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

मणिपकाडी, रुपन्देही

## शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/१२/२०

यस कार्यालयबाट आ.व.२०७७/०७८ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल अनुसारका निर्माण कार्यहरु गराउनुपर्ने भएकोले ईजाजत प्राप्त निर्माण ब्यवसायीहरु वाट निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र आव्हान गरिएको छ।

**शर्तहरुः**

१. तपसिलमा उल्लेखित दस्तुर(फिर्ता नहुने) नगदै बुझाई नगदी रसीद साथ नविकरण भएको इजाजत पत्र,मू.अ.कर दर्ता प्रमाण पत्र र अघिल्लो आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन कार्यालय समय सम्म यस कार्यालयवाट खरिद गर्न सकिने छ।

२. यस कार्यालयबाट खरिद गरेको दरभाउपत्र फाराम नियम अनुसार भरी शिलवन्दी गरी खामको वाहिर कामको विवरण,ठेक्का नं.,दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६औं दिन दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गरीसक्नु पर्ने छ। दर्ता भएका दरभाउपत्र सोही दिन दिनको १:०० वजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

३. शिलवन्दी दरभाउपत्र साथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक फर्सांटिकर शाखाको धरौटी खाता नं. ०४२४५०११५०२७९०४५ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा.बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा ७५ दिन (दरभाउपत्र खुल्ने मिति वाट) म्याद भएको (कार्यको विवरण र ठेक्का नं. उल्लेख भएको) बिड बण्ड संलग्न हुनुपर्नेछ।

४. शिलवन्दी दरभाउपत्र शर्त रहित,दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाउँमा दस्तखत भएको हुनुपर्नेछ। समयभित्र प्राप्त नभएको,रित नपुगेको,सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन।

५. शिलवन्दी दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ।

६. प्राप्त शिलवन्दी दरभाउपत्र स्विकृत गर्ने,नगर्ने वा आंसिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ।

७. यसमा उल्लेख भएकोमा यसै वमोजिम र उल्लेख नभएको हकमा यस कार्यालयको सार्वजनिक खरीद नियमावली २०७६ तथा प्रचलित ऐन नियमानुसार हुनेछ।

**तपसिलः**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (मु.अ.कर बाहेक) रु. | दरभाउपत्र जमानत रु. | दरभाउपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | SQ/SRM/03/077/78 | दानव नदीको माथिल्लो सिकडा घाटमा नदी नियन्त्रण गर्ने कार्य। | १०,१४,६२९.२६ | २९,५००.०० | १०००.०० |
| २ | SQ/SRM/04/077/78 | दानव नदीको परौंता भाटा पुलको तल्लो भागमा नदी नियन्त्रण गर्ने कार्य। | ७,९८,२६४.५२ | २३,५००.०० | १०००.०० |
| ३ | SQ/SRM/05/077/78 | दानव नदीको कोलुवा घाट(१)मा नदी नियन्त्रण गर्ने कार्य। | ७,५१,३४२.२० | २२,०००.०० | १०००.०० |
| ४ | SQ/SRM/06/077/78 | दानव नदीको कोलुवा घाट(२)मा नदी नियन्त्रण गर्ने कार्य। | ७,५१,३४२.२० | २२,०००.०० | १०००.०० |
| ५ | SQ/SRM/07/077/78 | दानव नदीको नौडिहवा घाट(१)मा नदी नियन्त्रण गर्ने कार्य। | ७,५१,३४२.२० | २२,०००.०० | १०००.०० |
| ६ | SQ/SRM/08/077/78 | दानव नदीको नौडिहवा घाट(२)मा नदी नियन्त्रण गर्ने कार्य। | ७,५१,३४२.२० | २२,०००.०० | १०००.०० |

प्रमुख प्रशासकीय अधिकृत